# होटेलमा खोप प्रकरणः खड्का निलम्बित

♦ हाम्रोमत संवाददाता

*बिर्तामोड, १६ साउन*

जिल्ला कोभिड खोप व्यवस्थापन समितिले बिर्तामोड खोप प्रकरणका आरोपित जनस्वास्थ्य प्रमुख ओमबहादुर खड्कालाई बिर्तामोड नगरपालिकाको स्वास्थ्य शाखाको फोकल पर्सनबाट निलम्बन गरेको छ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाको अध्यक्षतामा शनिबार बसेको बैठकले सहायक प्रमुख जिल्ला अधिकारी तिलोचन रिमालको संयोजकत्वमा सो प्रकरण छानविनको लागि ५ सदस्यीय छानबिन समितिसमेत गठन गरेको छ।

छानबिन नटुङ्गिएसम्मका लागि खड्कालाई पदबाट निलम्बन गरिएको हो। बैठकले खड्कालाई छानबिनको नटुङ्गिएसम्म खोप सम्बन्धी कुनै पनि गतिविधिमा संलग्न नगराउन बिर्तामोड नगरपालिकालाई निर्देशन दिएको छ।

यसैबीच कोरोनाविरुद्धको भेरोसेल खोप होटेलमा फेला परेको विरोधमा विद्यार्थी संगठनले शनिबार झापाको बिर्तामोड नगरपालिकामा तालाबन्दी गरेका छन्। बिर्तामोड नगरपालिकाले खोपमा अनियमितता गरेको आरोप लगाउँदै विद्यार्थीहरुले शनिबार बिहान ११ बजे नगरपालिका कार्यालयमा तालाबन्दी गरेका हुन्।

होटलमा खोप लुकाएर अनियमितता गर्न खोज्ने नगरपालिकाका कोभिड फोकल पर्सन ओम खड्का, मेयर ध्रुवकुमार सिवाकोटी, स्वास्थ्य शाखा प्रमुख तुलसी पोखरेलसहित संलग्न सबैलाई कारबाही हुनुपर्ने विद्यार्थीको माग छ। दिनभर लाइनमा बसेका व्यक्तिलाई 'खोप छैन' भनेर नगरपालिकाले फर्काएकोमा २ सय डोज खोप होटलमा लुकाएर राखेको फेला परेको थियो।

विद्यार्थीहरुले बिर्तामोड नगरपालिकाले कोरोनाविरुद्धको खोप लगाएका व्यक्तिहरुको प्रत्येक दिनको विवरण सार्वजनिक गर्नुपर्ने मागसमेत गरेका छन्। नगरपालिकामा नेपाल विद्यार्थी संघ र अखिल क्रान्तिकारीले तालाबन्दी गरेका हुन्।

होटलमा खोप लैजाने नगरपालिकाका कोभिड फोकल पर्सन ओम खड्कालाई प्रहरीले तत्काल पक्राउ गर्नुपर्ने विद्यार्थीको माग छ। शुक्रबार जिल्ला स्वास्थ्य कार्यालयले बिर्तामोड नगरपालिकालाई पठाएको २ सय डोज खोप बिर्तामोडस्थित होटल टाइमलेस मुमेन्टमा स्थानीयले फेला पारेका थिए।

शुक्रबार खोप लगाउन बिर्तामोडको देवी मावि र महेन्द्ररत्न माविको खोप केन्द्रमा सयौं नगरबासी लाइनमा बसेको बेला नगरपालिकाका स्वास्थ्यकर्मीले खोप सकिएको भन्दै घर फर्काएकोमा लगत्तै होटलमा खोप भेटिएको थियो।

मानव अधिकार सञ्जाल झापाले प्रेस विज्ञप्ति जारी गर्दै नगरपालिकाका स्वास्थ्य शाखाका कर्मचारीबाटै खोप अनियमित गरिएको र होटेलमा लुकाइराखेको अवस्थामा खोप बरामद हुनु घटना लज्जास्पद र निन्दनीय भएको टिप्पणी गरेको छ। त्यस्तै, नेकपा माओवादी केन्द्र बिर्तामोड नगर कमिटीले घटनामा संलग्नलाई कारबाहीको माग गरेको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी बिर्तामोड नगर समितिले जनस्वास्थ्यसँग जोडिएको संवेदनशील विषयमा अनियमितता हुँदा जिम्मेवार निकायका व्यक्ति नै संलग्न रहनुले जनआक्रोश चुलिएको भन्दै सत्यतथ्य छानबिन गरी जनतालाई सुसूचित गर्न माग गरेको छ। नगरपालिकाले भने स्वास्थ्य कार्यालयबाट आएको खोप खाना खान होटलमा गएका खड्काले त्यहि बुझेको र अनियमितता नभएको दावी गरेको छ।

खड्काले होटलभित्र आफ्ना निकट व्यक्तिलाई बोलाएर खोप लगाउने गरेको सूचना पाएपछि स्थानीय युवाहरू त्यहाँ पुगेका थिए। खोपसहित स्वास्थ्य शाखाका खड्का समातिएको खबर प्रहरीसमक्ष पुग्नासाथ इलाका प्रहरी कार्यालय अनारमनीको टोलीले खड्का र खोपलाई स्वास्थ्य कार्यालयको जिम्मा लगाएको थियो।

## सर्ट कमेन्ट

# ओली र नेपाललाई जुँगा काट्न आग्रह



■ लीलावल्लभ घिमिरे

> 'साथीहरू गल्ती स्वीकारेर फर्कनुहुन्छ भने आउनुस्, यो पार्टी हामी सबै मिलेर बनाएका हौं गल्ती भइहाल्यो भने पनि त्यसलाई सच्याउला।

नेकपा एमालेमा देखिएको विवादको अन्त्य कसरी हुन्छ भन्ने अनुमान गर्न गाह्रो छ। यो पार्टीबाट माधवकुमार नेपाल समूहको बहिर्गमन या एकता कुन रुपमा हुन्छ भन्ने चासो सबैमा छ। तर, एमालेका अध्यक्ष केपी शर्मा ओली र माधवकुमार नेपालका पछिल्ला अभिव्यक्तिलाई हेर्ने हो भने यो पार्टीमा एकता अब सम्भव छैन भन्ने अनुमान गर्न सकिन्छ।

नेकपा रहुञ्जेल दुईलाइन संर्घषलाई स्वाभाविक रुपमा लिनुपर्छ। नेकपा भंग भएर एमाले र माओवादी पार्टी व्युतिएसँगै नेपाल समूह दोधारमा परेको हो। पार्टीभित्रको आन्तरिक कलहका कारण ओलीको नेतृत्वमा रहेको सरकारसँगको लामो समयसम्म चलेको नेपालको जुहारी पछिल्लो घटनाक्रमसम्म स्वाभाविक थियो। ओलीले पहिलो पटक संसद भंग गर्दा नेपाली कांग्रेस र माओवादीको एजेण्डामा उनी अडिक रहे। हुन त संसद पुनःर्थापनाको एजेण्डा माधवको पनि हो।

दोस्रो पटक ओलीले गरेको संसद भंग गरेपछि पनि नेपाल अडानमा उभिए। जब सर्वोच्च अदालतको फैसला आयो र कांग्रेस सभापति देउवाको नेतृत्वमा सरकार बन्यो, त्यसपछि एमालेको विवाद अझ चरम हुनपुग्यो। सदनमा देउवाले विश्वासको मत पाउन सक्दैनन् भन्ने धेरैको अनुमान थियो। तर, नाटकीय ढंगले देउवाले सदनमा विश्वासको मत लिए। त्यसबेला नेपालले खुलेरै आफ्नो समूह मात्र हैन, ओलीका मान्छेसमेत देउवाको पक्षमा उभ्याईदिए। बरु नेपाल समूहकै १० जना मतदान गरेनन्।

लामो समयसम्म आफैंले नेतृत्व गरेको पार्टीका अध्यक्षलाई प्रधानमन्त्रीबाट हटाउन भूमिका खेल्दै कांग्रेस सभापतिलाई प्रधानमन्त्री बनाउन मतदान गर्ने एमालेको नेपाल समूह एमाले हो कि हैन भन्ने प्रश्नको उत्तर दिन कठिन छ। परिस्थिती यस्तो छ, देउवालाई मतदान गरेकै आधारमा नेपाल समूहलाई कारवाही गरेर विदा गर्न पनि ओली सक्दैनन्। न त स्वागत गरेर घरमा ल्याउने अवस्था छ।

अर्कोतिर नेपाल ४० प्रतिशत पुर्‍याएर अर्को पार्टी स्थापन गर्नसक्ने अवस्थामा पनि छैनन्। ओली नेपाललाई कारवाही गरेर निकाल्नसक्ने अवस्थामा पनि छैनन्। संगठनमा निकै विश्वास राख्ने एमाले यतिबेला ठप्प छ। अब नेपाल समूहले के गर्लान् भन्ने अनुमान धेरैले गर्ने गर्छन्। तर, अहिले राजनीतिक ज्योतीषीहरुले जे अनुमान गर्छन्, त्यसको विपरित परिणाम आइरहेको अवस्था छ। कहीले माधव समूह देउवा सरकारमा जाँदैछ भन्ने हल्ला आउँछ, कहिले अर्को हल्ला चल्छ। अहिलकै अवस्थामा देउवा सरकारमा कुन ढोकाबाट छिर्ने भन्ने प्रश्न छ।

अब माधव समूहको राजनीतिक यात्रा कसरी अघि बढ्छ भन्ने कुराको छिनोफानो हुन अझै केही समय पर्खनुपर्छ। एमालेका ओलीसहितका केही नेताबाहेक सबै एक भएको एमाले हेर्न चाहन्छन्। तर, ओली अहिले पनि नेपालमाथि जाइलाग्न छोडेका छैनन्। पछिल्लो समयमा ओलीले माधवकुमार नेपाललगायतलाई पार्टीमा कुनै ठाउँ नभएको बताए। आफू नेतृत्वको सरकार ढाल्यनेलाई पार्टीमा ठाउँ नरहेको उनको भनाइ छ। ओलीले माधव नेपाल जस्ता आन्दोलन विरोधीहरूलाई कुनै ठाउँ नभएको प्रष्ट पारेका छन्। पार्टीमा खुट्टा तान्नेहरूलाई बाहिर पठाइने उनको भनाइ छ। आगामी निर्वाचनमा खुट्टा तान्ने र पार्टीको विपक्षमा लाग्ने नेतालाई टिकट नदिइने समेत उनले भन्न भ्याएका छन्। एमालेभित्रका गद्दारहरुले सरकार ढालेको ओलीले आरोप छ।

केही दिनअघि ओलीले पार्टीमा बाटो बिराएका नेताहरूले गल्ती स्वीकारेर फर्किए ठाउँ रहेको बताएका थिए। 'साथीहरू गल्ती स्वीकारेर फर्कनुहुन्छ भने आउनुस्, यो पार्टी हामी सबै मिलेर बनाएका हौं गल्ती भइहाल्यो भने पनि त्यसलाई सच्याउला।' त्यसपछि उनले माधबसहित सबैलाई आममाफी दिएको घोषणा गरे।

ओलीको यो अभिव्यक्तिप्रति माधवको करो प्रतिक्रिया आयो। महाराजाले क्षमादान दिने अरे भन्दै नेपालले ओलीलाई व्यङ्ग्य गरेका थिए। ओली र नेपालका अभिव्यक्तिलाई हेर्ने हो भने एमालेभित्रको विवाद दुई नेताबीचको जुंगाको लडाइजस्तो मात्र लाग्छ। तर, त्यसभित्र कसले, केका लागि र कसरी खेलिरहेको छ भन्ने अनुमान गर्न कठिन छ। एमालेको पछिल्लो राजनीतिलाई हेर्ने हो भने कहिले लाग्छ, दक्षिणी छिमेकीले ओलीलाई उचालिरहेको छ। फेरि परिदृष्यहरुलाई मूल्याङ्कन गर्ने हो भने माधवलाई पनि त उचालेको हुनसक्छ ? यकिन गर्न कठिन छ। तर, दुबै नेताले के चाही बुझ्न आवश्यक छ भने अहिले पनि एमाले फुटाउने खेल सकिएको छैन।

दश बुँदे सहमतिको प्रस्ताव पनि एमालेको एकताको आधार बन्न सकेन। एमालेमा फेरि बराबरी अधिकारसहितको दुई अध्यक्ष बनाएर विवाद टुंग्याउने कोसिस पनि नभएको हैन। तर, यसले पनि मुर्त रुप पाउन सकेको छैन। पार्टीलाई एक बनाउन दोस्रो तहका नेताहरु लागिरहेका छन्। तर, अहिलेसम्म ओली र नेपालबीच 'वान अन वान' संवाद हुन सकेको छैन।

एमाले एक हुने आधार अहिलेसम्म बन्न सकेको छैन। माधव समूहलाई एमालेबाट बाहिर जाँदा धेरै घाटा त लाग्ला तर ओली समूहले त्योभन्दा ठूलो क्षति ब्यहोर्नेछ। त्यसैले विनासकाले विपरित बुद्धि नगरी दुबै नेताले जुंगा काटेर लडाइ अन्त्यको घोषणा गर्नु पार्टी, जनता र देशका लागि भलो काम हुनेछ।

## मलामी गएकी महिला बेपत्ता



धरान, १६ साउन (हाम्रोमत)- छिमेकीको मलामी गएकी सुनसरीको धरान-५ तल्लो देउरालीकी मनमाया आङ्बुहाङ लिम्बू चार दिनदेखि बेपत्ता बनेकी छन्।

६० वर्षीया लिम्बू इटहरीस्थित बूढीखोलामा छिमेकीको मराउमा मलामी गएपछि बेपत्ता भएको परिवारले जनाएको छ।

मलामी पुगेको करिब १५ मिनेटपछि नै आफू घर जाने जानकारी उनले साथीहरूलाई दिएकी थिइन्। तर, त्यसयता आमा सम्पर्क बाहिर रहेको जेठा छोरा डम्बरको भनाइ छ। मलामीबाट नफर्किएपछि परिवारले साथीभाइ तथा आफन्तकहाँ खोजतलास गरे पनि हालसम्म फेला नपरेको परिवारले जनाएको छ।

आफन्तकहाँ गएको अनुमान गरी सुनसरी, मोरङ तथा झापामा पुगेर खोजतलास गरे पनि हालसम्म फेला नपरेको उनका श्रीमान मानबहादुर सेरेङ चोङबाङले जानकारी दिए। घटनाबारे प्रहरीलाई समेत सूचित गरिसकेको परिवारले जनाएको छ।

# विराटनगरका १० विद्यालय नमूना बन्दै




♦ हाम्रोमत संवाददाता

*विराटनगर, १६ साउन*

विराटनगर महानगरपालिकाकाभित्रका १० वटा सरकारी विद्यालयहरु नमूना बन्ने प्रक्रियामा रहेका छन्। महानगरपालिकाको नेतृत्वमा सञ्चालित सामुदायिक विद्यालय सुधार अभियानमा नमुना बनाउन १० वटा विद्यालय समेटिएको छ।

यसअघि पोखरिया, आदर्श र सत्यनारायण स्कूलले विराटतनगरमा अब्बल सामुदायिक विद्यालयको पहिचान बनाएका थिए। अहिले तीसहित १० विद्यालयहरु नमूना स्कूलमा रुपान्तरण हुने चरणमा रहेको महानगरका प्रमुख भीम पराजुलीको भनाइ छ। ती जिद्यालयमा प्राविधिक विषयको अध्यापन, अँग्रेजी माध्यमको पठनपाठन, र विद्यार्थीहरुका लागि सवारी साधन उपलब्ध गराउन महानगरपालिकाले सहयोग गरेको छ। जसका कारण सामुदायिक विद्यालयप्रति विद्यार्थी आकर्षित हुने क्रम बढेको र विद्यालयहरु सुधारतर्फ अग्रसर भएका छन्।

चालु आर्थिक वर्ष आफ्नो कार्यकालको अन्तिम वर्ष भएकोले यो वर्षलाई शिक्षा क्षेत्रको सुधारको वर्षको रुपमा उपयोग गर्ने पराजुलीको योजना छ। सामुदायिक विद्यालयका प्राथमिक र माध्यामिक तहको शिक्षा सुधार गर्ने र पूर्वाधार विकासमा पनि काम गर्ने उनले बताए। महानगरको एउटा विद्यालयलाई समावेशी विद्यालयको नमूनाको रुपमा स्थापित गर्ने प्रयत्न भइरहेको उनले बताए।

कार्यकालको अन्तिम वर्ष कम्तिमा पनि १० वटा विद्यालयलाई नमूना विद्यालयहरुमा रुपान्तरण गरिसक्ने योजनामा आफूहरु रहेको भन्दै प्रमुख पराजुलीले विद्यालयहरुलाई आत्मनिर्भर र सक्षम बनाउनेतर्फ पनि महानगरले ध्यान दिएको बताए। त्यसको लागि पोखरीया माध्यामिक विद्यालयलाई १० कठ्ठा जमिन उपलब्ध गराएको महानगरले जनाएको छ।

सार्वजनिक शिक्षा सुधारका लागि आवश्यक सहयोग नगरेको भन्ने गुनासो सुरुका केही समय आएपछि पछिल्लो समय गुनासो सम्बोधन गर्ने काम गर्दै महानगर अघि बढेको हो। तर, महानगरपालिकाभित्र अहिले पनि दर्जनौ विद्यालयहरु सुधारको पर्खाइमा छन्।

जीर्ण अवस्थाका पूर्वाधार, योग्य र सक्रिय शिक्षक नेतृत्वको अभावमा धेरै विद्यालयहरु बन्द हुने वा मर्जरमा लैजानु पर्ने अवस्थामा छन्। महानगरले शिक्षा सुधारलाई प्राथमिकतामा राखेको भएपनि भूगोलको अवस्था हेर्दा विद्यालय सुधारतर्फ अरु धेरै काम गर्नुपर्ने आवश्यकता रहेको राष्ट्रिय शिक्षा अभियानका अभियन्ता श्रीमन्त भट्टराईको भनाइ छ।

# प्रदेश १ मा १ लाख १३ हजारलाई कोरोना

♦ हाम्रोमत संवाददाता

*विराटनगर, १६ साउन*

प्रदेश १ मा १ लाख १३ हजारभन्दा बढीलाई कोरोना भाइरसको संक्रमण भएको छ। पीसीआर र एन्टिजेन विधिबाट परीक्षण गर्दा संक्रमित संख्या १ लाख १३ हजार ४ सय ७५ पुगेको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार निषेधाज्ञा खुकुलो भएसँगै पछिल्लो केही दिनयता प्रदेशमा दैनिक १ हजार हाराहारी संक्रमित थपिने गरेका छन्।

सामाजिक विकास मन्त्रालयका कोभिड-१९ तथ्यांक संकलन तथा अनुगमन समितिका संयोजक डा.रवीन्द्र निरौलाका अनुसार प्रदेशमा हालसम्म पीसीआर परीक्षणबाट संक्रमण पुष्टि भएकामध्ये ७४ हजार ६ सय ६६ जना उपचारपछि निको भएका छन्। हालसम्म प्रदेशभित्र ४९६ महिला र १ हजार ७९ पुरुष गरेर १ हजार ५७५ जना संक्रमितको मृत्यु भइसकेको छ। मृत्यु हुनेमध्ये १४८ जना प्रदेश १ बाहिरका हुन्।

स्थानीय प्रशासन र स्थानीय सरकारले निषेधाज्ञालाई खुकुलो बनाउँदै लगेपछि कोरोना संक्रमण बढ्न थालेको छ। स्वास्थ्य मापदण्ड पालना नगरी बढेको भिडभाडले संक्रमणसँगै जोखिम बढाएको विज्ञहरुले बताएका छन्। पछिल्लो २४ घण्टामा प्रदेशमा थप ८०४ जनामा कोरोना संक्रमण भएको छ। १ हजार २६ जनाको पीसीआर परीक्षण गर्दा २९९ जना र १ हजार ४४५ जनाको एन्टिजेन परीक्षण गर्दा ५०५ जनामा कोरोना संक्रमण देखिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा सुनसरीमा १०५, मोरङमा १०४, झापामा ६९, धनकुटामा ९, उदयपुरमा ३, इलाममा २, पाँचथर, तेऱ्हथुम र संखुवासभामा १-१ र प्रदेश १ बाहिरका ४ जनामा संक्रमण देखिएको छ। सुनसरीको धरानमा ८३, इटहरीमा १३, बराहक्षेत्रमा २, रामधुनी र इनरुवामा १-१ र स्थानीय तह नखुलेका ५, मोरङको विराटनगरमा ४३, लेटाङमा ३६, करोबारीमा १७, बेलबारीमा ४, उर्लाबारीमा २, कानेपोखरी र स्थानीय तह नखुलेका १-१, झापाको दमकमा ३३, भद्रपुरमा १७, मेचीनगरमा ६, बिर्तामोडमा ४, बुद्धशान्ति, गौरादह र कमल गाउँपालिकामा २-२, बाऱ्हदशी, शिवसताक्षी र स्थानीय तह नखुलेका १-१, जनामा संक्रमण देखिएको छ।

उता धनकुटाको धनकुटामा ५, पाख्रिवासमा ३, स्थानीय तह नखुलेका १, उदयपुरको चौदण्डीगढी, बेलका र स्थानीय तह नखुलेका १-१, इलामको चुलाचुलीमा २, पाँचथरको फिदिम, तेऱ्हथुमको मेन्छेयायम र संखुवासभाको खाँदबारीमा १-१ र प्रदेश १ बाहिरका ४ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ। शनिबार प्रदेश १ मा ४३१ जना कोरोना संक्रमणमुक्त भएका छन्। पछिल्लो २४ घण्टामा ६ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा २ महिला र ४ पुरुष रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ।







## षडानन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दिङ्ला, भोजपुर
१ नं. प्रदेश, नेपाल

### दरखास्त आह्वानको सूचना

**पहिलो पटक सूचना प्रकाशित भएको मिति २०७८/०४/१६ गते**

यस षडानन्द नगरपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र, मूलपानीमा तपसिलको पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारबाट पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट ७ (सात) भित्र दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः–**

| विज्ञापन नं. | सेवा/समूह/पद/तह | माग पद संख्या | दस्तुर | योग्यता र अनुभव |
|---|---|---|---|---|
| Shadmun/MP/01/078/79 | स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफर/ पाँचौ | १ (एक) | रु.४००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रवीणता तह उत्तीर्ण, नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्ने, उमेर पुरुषको हकमा कम्तिमा १८ वर्ष पूरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको। |

सूचना सम्बन्धी विस्तृत विवरण यस नगरपालिकाको वेबसाईट www.shadanandamun.gov.np मा लगईन गरी हेर्न वा कार्यालय समय भित्र षडानन्द नगरपालिकाको सम्पर्क नं. ०२५-४२११२५ मा सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित। कार्यवाहक अध्यक्षः प्रभात घिमिरे प्रधान सम्पादकः विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक/प्रबन्धकः अर्जुनकुमार आचार्य
हाम्रोमत दैनिकको कार्यालयः विराटनगर-९, ट्राफिक चोक, मोरङ। फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail.com, janabidrohadaily@gmail.com, मुद्रकः पिजिएस ग्राफिक्स, विराटनगर